# नेपाली जर्नलको खोजी : केही अनुभव

**रमेश राई र रमिता महर्जन**

## विषय प्रवेश

नेपाली प्राज्ञिक संघ/संस्था तथा नागरिकहरूका अग्रसरतामा वि.सं. २००९ सालबाट जर्नल निकाल्न थालियो जुन आजसम्म निरन्तर कायम छ । करिब ६० वर्षे जर्नल प्रकाशनको इतिहासमा धेरै जर्नल आए, गए । धेरैजसो त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयमा उपलब्ध छन् । तर, त्यहाँ पनि सबै जर्नल पाईदैन । नेपालका विभिन्न कलेज, सरकार मातहतका निकाय र गैरसरकारी संघ/संस्था (अनौपचारिक क्षेत्र)बाट जर्नल प्रकाशित भइरहेका छन् । यस्ता केही जर्नल मात्रै पुस्तक पसलसम्म पुग्छन् । त्यसैले नेपालमा जर्नल सङ्कलन गर्न सजिलो छैन । मार्टिन चौतारीको पुस्तकालयमा हामीले जर्नलको सङ्ख्या बढाउन निरन्तर प्रयास गरिरहेका छौ । हामीले काम गर्दाका अनुभव र यस क्षेत्रमा देखिएका समस्या यहाँ उल्लेख गरेका छौं । यो लेख हाम्रो नीजि अनुभव हो ।

वि.सं. २०६७ तिर मार्टिन चौतारीमा जर्नल संकलनको कार्य सघनताकासाथ गर्ने निर्णयानुसार नेपालबाट प्रकाशित करिब १९० शीर्षकका जर्नल सङ्ग्रहको पहिलो चरण पूरा भएको छ । पहिलो चरणमा जर्नलका पाउनेसम्म पुराना अङ्कको संकलन कार्य पूरा भई सकेको छ । यस उप्रान्त जर्नलका पुराना अंकको संकलन कार्य धेरै अप्ठ्यारो छ । त्यसैले जर्नलका पुराना अंकभन्दा नयाँ अंकको संकलन कार्य अबको प्राथमिकतामा छ । यसका पनि केही अप्ठ्यारा अवश्य छन् ।

नेपाली जर्नल प्रकाशनका केही निश्चित अवस्थिति छन् । त्रिभुवन विश्वविद्यालय (त्रिवि), सरकार मातहतका विभिन्न निकाय र अनौपचारिक क्षेत्र गरी यी तीन अवस्थिति जर्नल प्रकाशनका प्रमुख स्थान हुन् । यसलाई पनि राजधानी र राजधानीबाहिर गरी दुई भागमा बाँड्न सकिन्छ । जर्नल संकलनका लागि गरिएका दौडधूपका आधारमा जर्नल प्रकाशनका अवस्थिति, प्रकाशनको स्थिति, सङ्कलन कार्यका अप्ठ्याराहरू, विक्री वितरणको स्थिति एवं जर्नलको उपलब्धता/सम्भाव्यतासँग जोडिएका केही अनुभव यहाँ प्रस्तुत गरिएको छ ।

## प्रकाशन अवस्थिति

राजधानी र राजधानीबाहिरबाट प्रकाशित सबै जर्नललाई प्रकाशन गृहको स्वभाव अनुसार तीनओटा अवस्थितिमा राखिएको छ । त्रिभुवन विश्वविद्यालय (त्रिवि), सरकार मातहतका विभिन्न निकाय र अनौपचारिक क्षेत्र यी तीन अवस्थिति जर्नल प्रकाशनका दृष्टिले निश्चित र महत्वपूर्ण छन् । त्रिविअन्तर्गतका अनुसन्धान केन्द्र, विभिन्न केन्द्रीय विभाग, आंगिक क्याम्पस, *रिसर्च डिभिजन* तथा विषयगत संघ/संस्थामा प्रकाशकीय सघनता बढी देखिन्छ । सरकारका विभिन्न मन्त्रालय, विभाग र केन्द्रबाट पनि जर्नल प्रकाशन र वितरण हुने गरेको छ । सरकारी तथा विश्वविद्यालयको सीमाबाहिरको क्षेत्र जर्नल प्रकाशनको वृहत् र रहरलाग्दो रूपमा फस्टाईरहेको अनौपचारिक अवस्थिति हो ।

### *त्रिविको छाताभित्रबाट हुने प्रकाशन*

त्रिविका अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, आंगिक क्याम्पस, *रिसर्च डिभिजन* एवं विषयगत संघ/संस्थाबाट जर्नल प्रकाशन हुने गरेको छ । त्रिविको कीर्तिपुर परिसर र उपत्यकाका क्याम्पस बाहेक राजधानीबाहिर रहेका त्रिविका

आङ्गिक क्याम्पसबाट पनि ठूलो सङ्ख्यामा जर्नलहरू प्रकाशन भई रहेका छन् । त्रिविबाट प्रकाशित जर्नलहरू बजारमा पठाउने गरिएको छैन । व्यक्तिगत सम्बन्ध वा प्रकाशन संस्थामा गएर संकलन गर्ने एउटा उपाय हो । राजधानीबाहिरबाट प्रकाशित जर्नल काठमाडौंमा पाउन सकिदैन । यसका लागि प्रकाशन गर्ने अवस्थितिमा नै पुग्नु पर्ने हुन्छ ।

पहिलो चरणमा जर्नलका पुराना अङ्कको खोजी प्राथमिकतामा भएकाले प्रकाशन संस्थासँग यसका बहुप्रति हुन सक्ने अनुमान गरेर जर्नल प्रकाशन गर्ने त्रिविका सबै निकायमा पुग्यौं । तर, निकै थोरै ठाउँबाट मात्र पुराना अंक संकलन हुन सके । हाम्रो अनुमान विपरित त्रिविका केन्द्रीय विभाग र केन्द्रीय पुस्तकालयमा समेत पुराना अंक पाउन सकिएन । जर्नल प्रकाशन गर्ने संस्था, सङ्ग्रह गर्ने पुस्तकालय वा व्यक्तिसँग सम्पर्क गरेर पनि संकलनको प्रयास गरियो । तर, त्यो निरर्थक बन्यो । त्रिवि जस्तो प्राज्ञिक अभ्यास गर्ने थलोका विभिन्न निकायबाट प्रकाशित जर्नल आफ्नै सङ्ग्रहमा पनि छैनन्, यसले हाम्रो संकलन कार्यलाई केही हदसम्म प्रभावित गर्‍यो ।

*सरकार मातहतका निकायबाट हुने प्रकाशन*

सरकार मातहतका निकायबाट पनि जर्नल प्रकाशन हुने गरेका छन् । मन्त्रालय, विभिन्न विभाग, राष्ट्र बैंक, अनुसन्धान केन्द्र र प्रतिष्ठानबाट जर्नल प्रकाशन भईरहेको छ । सरकारका निकायबाट प्रकाशित अधिकांश जर्नल सित्तैमा वितरण गरिन्छन् । जर्नल प्रकाशनको निश्चित समयावधिमा सम्पर्क नगरे जर्नल पाउन पनि सकिदैन । यसले जर्नल संकलन कार्यमा बाधा पुग्ने रहेछ ।

अधिकांश सरकारी निकायमा पुस्तकालय छैनन् । जसले गर्दा आफ्नै प्रकाशनका पुराना अंक पनि सबै सरकारी निकायको सङ्ग्रहमा छैनन् । स्टोर शाखा नाम गरेको छुट्टै शाखा सबै सरकारी निकायमा व्यवस्था गरिएको छ । तर, ती शाखाका कर्मचारीहरूलाई आफ्नो प्रकाशनबारे पनि थाहा छैन । सरकारी निकायमा कर्मचारी सरूवा भईरहने हुनाले पनि सम्बन्धित निकायमा जर्नल सङ्ग्रह गर्न कर्मचारीहरू गम्भिर नभएको हुन सक्छ ।

*अनौपचारिक क्षेत्रबाट हुने प्रकाशन*

त्रिवि र सरकारी निकायभन्दा बाहिरको अनौपचारिक क्षेत्र जर्नल प्रकाशनको हिसाबले निकै ठूलो आयाममा विस्तार भएको छ । यो क्षेत्रमा गैर सरकारी संघ/संस्था (गैसस) र स्वतन्त्र रूपमा अध्ययन अनुसन्धान गर्ने व्यक्तिहरूको संलग्नता देखिन्छ । अनौपचारिक रूपमा संगठीत क्षेत्रबाट जर्नल निकाल्ने परम्पराको पनि निकै लामो इतिहास छ । अनौपचारिक क्षेत्रले राजधानीभित्र र बाहिर दुवै अवस्थितिबाट जर्नल प्रकाशन गरे पनि राजधानीमा जर्नल प्रकाशनको प्रवाह बढी छ ।

अनौपचारिक क्षेत्रको निश्चित अवस्थिति छैन । कतिपय रहर वा देखासिकीका भरमा जर्नल प्रकाशन गर्न जुटेका जस्ता छन् । यिनका पनि प्रकाशन बजारमा जाँदैनन् । र, अवस्थिति पनि अनिश्चित छन् । व्यक्तिगत प्रयासमा विज्ञापन जुटाएर जर्नल प्रकाशन गर्नेका हकमा विज्ञापनको टुङ्गो नलाग्दासम्म जर्नल ननिस्किएको अनुभव पनि छ । व्यक्तिगत सम्पर्क र सम्बन्धमा लेख संकलन गर्ने र प्रकाशकीय भार पनि आफैले उठाउनु पर्ने भएकाले बहुअङ्क बन्ने वा समयमा प्रकाशित नहुने थुप्रै जर्नल छन् ।

**जर्नल संकलनको तरिका**

स्थानका आधारमा राजधानी र राजधानीबाहिर दुईओटा जर्नल प्रकाशनका क्षेत्र छन् । त्यही अनुरूप स्थान विभाजन गरेर प्रकाशन केन्द्रहरूको अवस्थिति निर्धारण गरियो । राजधानीभित्र जर्नल संकलनको काम प्रकाशन गृहसम्म पुगेर र पुस्तक पसलबाट गरिएको हो । राजधानीबाहिर जर्नल संकलन कार्य त्यति सजिलो थिएन वा छैन । कुन कुन संस्था वा व्यक्तिहरूले जर्नल निकाल्छ भन्ने ठोस जानकारी नभएको अवस्थामा यो कार्य अझ कठिन हुने रहेछ । हामीसँग जर्नल र यसका प्रकाशकबारे भरपर्दो सूचना थिएन । त्यसैले जर्नल प्रकाशन प्राज्ञिक कार्य हो र यो प्राज्ञिक क्षेत्रबाट नै बढी हुने सम्भावनालाई आधार मानेर हामीले शुरूमा त्रिविका आंगिक क्याम्पसबाट जर्नल संकलन कार्य अगाडि बढाउन उपयुक्त ठान्यौं । जर्नल खोजीका क्रममा राजधानीबाहिर पुग्दा आंगिक क्याम्पस र अरू क्याम्पसले जर्नल प्रकाशन गर्ने गरे/नगरेको सूचना क्याम्पसका प्राध्यापकहरूमार्फत् थाहा पाउन सकिन्छ भन्ने हाम्रो विश्वास थियो । र हामीले उनै प्राध्यापकहरूको साहारामा खोजी कार्यलाई व्यवस्थित गर्ने प्रयास गर्‍यौ ।

शुरूमा आंगिक क्याम्पसका प्राध्यापकहरूको सहयोगमा स्थानीय कलेजको सूची बनायौं । यसपछि कहाँ कहाँबाट कुन कुन जर्नल प्रकाशन हुन्छ भन्ने एउटा खाका बनाई सम्भव सबै ठाउँमा पुगेर जर्नल संकलन गरिएको थियो । यसका लागि हामीले विराटनगरमा महेन्द्र मोरङ आद्धर्श क्याम्पस, स्नातकोत्तर क्याम्पस, कैलालीमा कैलाली बहुमुखी क्याम्पस, बुटवलमा बुटवल बहुमुखी क्याम्पस, महेन्द्रनगरमा सिद्धनाथ बहुमुखी क्याम्पस, पोखरामा पृथ्वीनारायण क्याम्पस, नेपालगञ्जमा महेन्द्र बहुमुखी क्याम्पस लगायतका क्याम्पसमा सम्पर्क गर्‍यौ । विराटनगर र पोखराबाट निस्कने जर्नलका हकमा मार्टिन चौतारीका हितैषीहरूमार्फत् जर्नल संकलनमा सहयोग भईरहेको छ ।

त्रिवि र सरकार मातहतका निकायबाट प्रकाशित जर्नल खोज्न राजधानीभित्र हाम्रो जानकारीमा भएका सबै ठाउँमा हामी पुगेका थियौं । उक्त निकायमा विभिन्न बहाना बनाएर पन्छाउने र जर्नलको प्रति छ कि छैन भन्ने थाहा पाउन पनि धेरैपल्ट धाउनु पर्‍यो । संस्थागत प्रकाशनको जिम्मेवारी संस्थासँग नहुने रहेछ, वा धेरैजसो जर्नलको सम्पादकलाई नै भेट्नु पर्ने भयो । कतिपय जर्नलको सन्दर्भमा प्रकाशन संस्थाबाट सम्पादक र सम्पादक हुँदै उनको घरसम्म पुग्नु पर्‍यो । सम्पादकले पनि प्रकाशन संस्थाभन्दा आफ्नो घरबाट जर्नलको बजार व्यवस्थापन गरेको पनि देखियो । यसले दुईखाले प्रवृत्तिलाई सङ्केत गर्दछ, पहिलो जर्नलप्रति निश्चित पाठकको मात्रै रूची छ र दोश्रो जर्नल खुला बजारका लागि उत्पादित वस्तुको रूपमा नेपाली पुस्तक बजारले स्वीकार गरिसकेको स्थिति छैन ।

**समस्या**

तीनै प्रकाशन क्षेत्रका केही साझा चरित्र छन् । अनियमित प्रकाशन, अंक गाभेर निस्कने र समयमा ननिस्कने चरित्र साझा हुन्, यसमा अपवाद पनि छन् । यस्तै चरित्रका कारण पाठक र संकलकबीच सधैं दुविधा रहिरहन्छ । प्रकाशन नियमित नहुँदा पाठक आफ्नै कारणले संकलनमा चुकेको हो या प्रकाशकको कारणले भन्ने थाहा पाउन पनि थप समय कुर्नु पर्ने हुन्छ । अंक गाभेर निस्कने तथा समयमा ननिस्कनाले प्रकाशनप्रतिको रूचीलाई कायम राख्न गाह्रो हुन्छ । जर्नल प्रकाशन र संकलनसँग जोडिएका एवं अप्ठ्यारा महसुस गरिएका केही विषयउपर यहाँ छलफल गरिएको छ ।

*प्रकाशनसम्बद्ध अप्ठ्यारा*

पहिलो अप्ठ्यारो नियमित प्रकाशन नहुनु नै हो । नियमित प्रकाशन नहुने जर्नल छुट्याउन पनि गाह्रो छ । नियमित प्रकाशन हुने वा नहुने भनेर छुट्याउन नसकिने भएकाले प्रकाशन संस्थामा नियमित सम्पर्क गर्नु पर्ने हुन्छ । कतिपय संस्थामा फोन सम्पर्क गर्दा जिम्मेवार व्यक्ति नभेटिने र *इमेल* गर्दा *रेस्पोन्स* ढिला गर्ने वा कतिपय अवस्थामा *रेस्पोन्स*

नै नगर्ने अनुभव पनि हामीसँग छ । अनियमित प्रकाशनका कारण संकलन कार्यमा थप भार पर्छ । यो विषयमा प्रकाशकहरूले सोचेको देखिदैन ।

दोश्रो समस्या जर्नलको अंक गाभेर निस्कने वा बहुअंकको प्रकाशन पनि हो । यसले प्रकाशन कहिले भयो भन्ने जानकारी पाउन सकिदैन भने कतिले नाम परिवर्तन पनि गरेर प्रकाशन गर्ने गरेका छन् ।

तेस्रो समस्या अनियमित प्रकाशनसँग जोडिएको छ । यसले जर्नल मृत हो, या प्रकाशन भईरहेछ भन्ने छुट्याउन पनि गाह्रो छ । कतिपय मृत घोषणा गरिएका जर्नल लामो समयपछि प्रकाशनमा आएको देखिएकाले संकलन कार्यमा सधै दुविधा रहन्छ । अझ कुन जर्नलको प्रकाशन बन्द भयो कुन जर्नल प्रकाशित अवस्थामा छ भन्ने पनि थाहा पाउन गाह्रो हुन्छ ।

*वितरण*

प्रकाशनबाहेक नेपाली जर्नलका लागि वितरणको क्षेत्रमा ठूलो समस्या छ । जर्नलको बिक्री र वितरण संस्कारको रूपमा रूपान्तरण भईसकेको छैन । जर्नल बिक्रीका लागि प्रकाशित सामाग्री हो भन्ने ज्ञान प्रकाशकहरूमा पनि नभए जस्तो देखिन्छ । जर्नल बाँड्नलाई मात्र हो भन्ने दायराबाहिर प्रकाशकहरूले सोच्ने गरेका छैनन् कि ? यदि त्यसो नहुँदो हो त हाम्रा पुस्तक पसलमा पर्याप्त जर्नल देखिनु पर्ने हो । त्यस्तै जर्नल पढ्ने, खोज्ने वा चासो राख्ने अग्रसरता पनि निश्चित व्यक्ति र पुस्तकालयमा सीमित छ । जर्नलको बिक्री र वितरणप्रति प्रकाशक र पाठक दुवैमा चासो कम भएको हुनु पर्छ ।

पुस्तक पसल जर्नल प्राप्त गर्ने निर्विकल्प अवस्थिति हो र हुनु पर्थ्यो । तर, वि.सं. २०६७ मा मार्टिन चौतारी पुस्तकालय प्रयोजनका लागि जर्नल संकलनमा संलग्न हुँदा नेपाली जर्नलको प्रकाशन र वितरणको अवस्था बुझ्ने अवसर मिल्यो । काठमाडौंमा जर्नल वितरणको स्थिति डामाडोल छ । काठमाडौंका नौओटा पुस्तक पसलमा मात्र जर्नल बिक्रीका लागि राखिएको थियो । विश्वविद्यालय परिसरबाट निस्कने जर्नल बजारमा ज्यादै कम पाइन्छन् भने सरकार मातहतका निकायबाट प्रकाशित जर्नल नगण्य मात्रै बजारमा भेटिन्छन् । जर्नल प्रकाशकहरूले वितरण गर्न नचाहेका हुन् या नजानेका हुन् । पुस्तक पसलमा जर्नल धेरै कम पाइँन्छन् ।

*अवस्थिति*

त्रिवि र सरकार मातहतका निकायबाट प्रकाशित जर्नलको मात्रै अवस्थिति निश्चित छ । तर, अनौपचारिक क्षेत्रबाट प्रकाशित जर्नलको अवस्थिति निश्चित छैन । धेरैजसो जर्नल राजधानीभित्रै अवस्थित संघ/संस्थाको अग्रसरतामा प्रकाशित छन् । तैपनि तिनको वास्तविक अवस्थितिको टुङ्गो नहुनु र तिनका प्रकाशन बजारमा नपाउनु संकलन कार्यका लागि दुवै समस्या हुन् । यी संघ/संस्थाका कार्यालयको स्थायी अवस्थिति पनि नहुने वा बारम्बार अवस्थिति परिवर्तन भईरहने वाध्यता पनि जर्नल संकलनको अप्ठ्यारोसँगै जोडिने रहेछ । यो विषयसँगसँगै प्रकाशकको विस्तृत सम्पर्क ठेगाना धेरै जर्नलमा पाईदैन । *इमेल* र *वेबसाईट* प्रष्टसँग राखिदिने हो भने संकलन कार्य धेरै सहज हुने थियो ।

*अन्य ...*

त्रिविभित्रका जर्नल त्रिविभित्रैका संयन्त्रबाट मात्र बिक्री वितरण हुने गरेको छ । त्रिविका अधिकांश जर्नल प्रकाशन गर्ने संस्थामा आफ्नै प्रकाशनको संकलन पनि छैन । प्रकाशन संस्थाले नै आफ्ना प्रयोजनका लागि पनि सङ्ग्रह गर्दैन भने

अरूले यस्ता प्रकाशनप्रति चासो किन राख्ने ? यो प्रश्नको सार्वजनिक उत्तर हुन्छ कि हुदैन, थाहा छैन । तर, त्रिविभित्र जर्नल प्रकाशन गर्ने लोभ र रहरसँगसँगै वृत्तिविकासको अनुकूलनको खोजी पनि जोडिएको छ । यो विषय मार्टिन चौतारीले सन् २०१० को डिसेम्बर २६ मा गरेको जर्नलसम्बन्धि छलफलमा पनि उठेको थियो ।

सरकार मातहतका मन्त्रालय वा अन्य निकायको अधिनमा प्रकाशित जर्नलको कथा बेग्लै छ । यी अवस्थितिबाट प्रकाशित जर्नलको प्रकाशन पश्चात् दुईओटा आयु हुन्छन् । प्रकाशन भएको केही समयसम्म यी जर्नल निशुल्क वितरण गरिन्छन् र यो समय गुज्रिएपछि सशुल्क बन्छन् (उदाहरणः ढिला पुगेको भन्दै योजना आयोगको स्टोर शाखाले 'विकास' जर्नलको वितरण प्रति सकिएको कारण देखाउदै 'विकास' हामीले किन्नु परेको थियो) । जर्नल प्रकाशन गर्ने सबै सरकारी निकायमा आफ्नै पुस्कालय छैनन् र भएका पुस्कालयमा पनि आफ्नै प्रकाशनको सङ्ग्रह छैन । सरूवा, बढुवा वा जिम्मेवारीको हेरफेरले गर्दा जिम्मेवारीमा निश्चित व्यक्ति सधैं नहुने भएकाले पुराना अंकको खोजी कार्य जटिल भएको हो ।

अनौपचारिक क्षेत्रका दुईखाले अवस्थितिहरू छन्, पहिलो संस्थागत प्रयास र दोश्रो व्यक्तिगत अग्रसरता । दोश्रो किसिमको अग्रसरताको निश्चित अवधि हुन्छ वा व्यक्ति स्वयम्‌को अवसानपछि जर्नलको प्रकाशन पनि समाप्त हुन्छ । यो गैसस जस्तो अविच्छिन्न उत्तराधिकारवाला संस्कार वा प्रवृत्तिमा चलेको हुदैन । यस्ता प्रकाशनको संकलन कार्य ज्यादै गाह्रो हुन्छ । व्यक्तिको घरघरमा पुग्ने र उनले भनेका सारा शर्त पनि पूरा गर्नु पर्ने हुन्छ । कतिपय अवस्थामा उनका अन्य प्रकाशन किन्नु पर्ने शर्त वा दबाब पनि झेल्नु पर्ने हुन्छ । तर, संस्थागत रूपमा प्रकाशित जर्नलको छवि र प्रकाशकीय व्यस्थापनमा केही चुस्तता देखिन्छ जस्ले संकलन कार्यका लागि केही आशा गर्ने ठाउँ छ । त्रिवि र सरकारी निकायको तुलनामा यो क्षेत्रमा पुराना अङ्क अपेक्षाकृत बढी संकलन हुन सक्ने अवस्था विद्यमान छ ।

**सुझाव** ...

नेपाली जर्नल प्रकाशनका तीन अवस्थितिलाई राजधानी र राजधानीबाहिर गरी दुई ठूल्ठुला *ब्लक*मा बाँडेर संकलन कार्य व्यवस्थित गरिएको थियो । राजधानीमा जतिसुकै अप्ठ्यारा भए पनि यी पहुँचका दृष्टिले सुगम छन् । तर, राजधानीबाहिरको सन्दर्भमा मार्टिन चौतारीको एकल प्रयासमा अहिले भईरहेको प्रयत्न त्यति उत्साहप्रद छैन । यी सबै अप्ठ्यारालाई सम्बोधन गर्न हाम्रो पहिलो चरणको अनुभवका आधारमा केही उपाय सुझाएका छौ ।

१) जर्नल प्रकाशन गर्ने प्रकाशकहरूको अवस्थिति नक्शाङ्कन गर्ने । यसका लागि त्रिवि एउटा लोकेशन हो भने त्यहाँस्थित विभाग, अनुसन्धान केन्द्र आदिको नाम र सम्पर्क नम्बर वा व्यक्तिहरूको छुट्टै प्रोफाइल तयार गर्न सकिन्छ । यस्तो अवस्थिति नक्शाङ्कन छुट्टाछुट्टै तीनओटा बनाउन सकिने । (यस्तो प्रोफाइल मार्टिन चौतारीको वेबसाइट http://martinchautari.org.np/images/stories/Contact%20Information%20of%20Nepali%20Academic%20Journals.pdf मा पनि उपलब्ध छ) ।

२) राजधानीभित्र जर्नल पाउन सकिने पुस्तक पसलको अवस्थितिलाई समेटेर सूची तयार गर्ने ।

३) जर्नल उपलब्ध गराउने वा गराउन सक्ने व्यक्तिहरूको सूची तयार गर्ने । यो सूची राजधानी र राजधानीबाहिरका जर्नल संकलन दुवै प्रयोजनलाई ध्यानमा राखेर बनाउने ।

४) नियमित प्रकाशनमा रहेका संस्थासँग जर्नल साटासाट गर्ने तरिका पनि अपनाउन सकिन्छ। यसले गर्दा नयाँ अंक संकलनमा सहयोग हुन सक्दछ (जर्नलको साटासाट गर्ने तरिका सिनासले विदेशी जर्नलको सन्दर्भमा अपनाएको थियो, यद्यपि अहिले बजेट अभावमा यस्तो काम सीमित हुन पुगेको छ)।

५) जर्नल सङ्ग्रह गर्ने पुस्तकालयबीच नियमित सम्पर्क एवं सम्वादको आन्तरिक संयन्त्र निर्माण गर्न सकिन्छ। यस्तो संयन्त्रले समय समयमा जर्नलसम्बन्धि जानकारी र अनुभव साटासाट गर्ने व्यवस्था गरोस्।

**अन्तमा** ...

मार्टिन चौतारी जस्तो एउटा संस्थाको प्रयासमा जुन संख्या र आयतनमा नेपाली जर्नल संकलन र सङ्ग्रह भएको छ, यसले निश्चित प्रयास गरे सबै अप्ठ्यारासँग जुध्न सकिने आत्मविश्वास बढेको छ। र, त्रिविको केन्द्रीय पुस्तकालयपछि नेपाली समाज विज्ञानका जर्नल संकलनका दृष्टिले मार्टिन चौतारी नेपालमा दोस्रो धनी पुस्तकालय हो, भन्ने दाबी गर्न सक्ने भएका छौं। आउने दिनमा जर्नल सङ्कलन कार्यलाई अझ सहज र प्रभावकारी कसरी बनाउदै लैजाने भन्ने बहसका लागि यी अनुभव सबैसँग बाँड्न चाहेका छौं।

**नोट : यो लेख *पुस्तकालय आवाज* मासिक पत्रिकाको वर्ष ५, अंक ७ (२०६९ चैत) मा 'नेपालमा जर्नल प्रकाशनको अवस्था' शीर्षकमा प्रकाशित छ।**